तुलसीपुर उपमहानगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

तुलसीपुर,दाङ

लुम्बिनी प्रदेश, नेपाल

२०७३

पत्र संख्याः२०८० /०८१ राजश्व शाखा

चलानी नं:

## घाटगद्दि भएका नदीजन्य पदार्थको बिक्रि शुल्क उठाउने सम्बन्धी आन्तरिक आय तर्फको विद्युतीय बोलपत्र आह्वानको सूचना

### दोश्रो पटक प्रकाशित मिति : २०८१/०४/२०

स्थानीय सरकार संचालन ऐन २०७४, को दफा ११ घ ६, लुम्विनी प्रदेश आर्थिक ऐन, २०७५ को दफा ८, प्रदेश कर तथा गैर कर राजश्व सम्बन्धी ऐन, २०७५ को दफा १५ को उप-दफा ५ तथा नदीजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५ एवं तुलसीपुर उपमहानगरपालिकाको आर्थिक ऐन २०८० अनुसार यस तुलसीपुर उपमहानगरपालिका क्षेत्र भित्र तोकिए बमोजिमको दरमा देहाय बमोजिमका घाटगद्दि भएका क्षेत्र बाट घाटगद्दिको घाट/क्षेत्र अनुसार छुट्टा छुट्टै ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले मूल्य अभिबृद्धी करमा दर्ता भएको ईच्छुक फर्म वा निकायले तोकिएको न्यूनतम अंकमा नघट्ने गरी दर्ता प्रमाणपत्र सहित बोलपत्र फाराम खरीद गरी निर्धारित मापदण्ड तोकिएका शर्त बमोजिम नदीजन्य पदार्थको बिक्रि शुल्क असुल उपर गर्नको लागि बोलपत्र आह्वान गरिएको छ। साथै E-Bidding को माध्यमबाट बोलपत्र पेश गर्न चाहने ईच्छुक फर्म वा कम्पनीले www.bolpatra.gov.np/egp बाट वोलपत्र दस्तुर वापतको रकम यस कार्यालयको नेपाल ईनभेष्टमेन्ट मेघा बैंक लि. तुलसीपुर स्थित ०३१०१४००२५००९२नं खातामा जम्मा गरी बोलपत्र पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल

| क्र. सं. | ठेक्का विवरण | ठेक्का नं. | घाटगद्दि स्थल | परिमाण (घ.मि.) | न्यूनतम अंक (भ्याट बाहेक)रु | धरौटी रकम | बोलपत्र दस्तुर (रु) |
|---|---|---|---|---|---|---|---|
| १. | **संग्रामखोला** | रा. ०१/०८१/०८२ | **संग्राम खोलाको पूलदेखि दक्षिण तर्फ वडा नं १७** | **११४५१.३३** | **३,२३२,०२३.३८** | कवोल अंकको ५ प्रतिशत | ३,०००। |

**शर्त तथा वन्देजहरु :**

१. माथि उल्लेखित ठेक्काहरुको लागि छुट्टाछुट्टै बोलपत्र फाराम खरिद गरि छुट्टाछुट्टै पेश गर्नु पर्नेछ।

२. बोलपत्र साथ स्थानीय तहमा दर्ता भएको व्यवसायी नविकरण प्रमाणपत्र, फर्म दर्ता प्रमाणपत्र, मूल्य अभिबृद्धी कर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी वोलपत्र साथ संलग्न राखी आफुले कवोल गरेको अंकको ५% हुने धरौटी रकम यस उपमहानगरपालिकाको नेपाल ईनभेष्टमेन्ट मेघा वैंक लि। तुलसीपुर स्थित ०३१०१४००२५००३० धरौटी खातामा जम्मा गरेको सक्कल बैंक भौचर वा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयको नाममा जारी गरिएको कम्तिमा १२० दिन म्याद भएको विडवण्डको सक्कल प्रति संलग्न हुनु पर्नेछ।

३. नियमानुसार मु.अ. करमा दर्ता भएका ईच्छुक फर्म वा कम्पनीबाट तोकिएको प्रति क्यु.फुट रु.८।- का दरले कायम गरिएको न्यूनतम अंकमा नघट्ने गरी बढाबढ तथा २०% भन्दा घटी शिरोभार खर्च (लागत) सहित मुनाफा राखी बिक्रि वितरण गर्ने गरि यो सुचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस कार्यालयबाट तोकिए बमोजिमको बोलपत्र दस्तुर (पछि फिर्ता नहुने गरी) तिरी बोलपत्र फाराम खरिद गरि १६ औं दिनको १२:०० बजे भित्र रित पुर्वकको शिलबन्दी बोलपत्र पेश गर्नु पर्नेछ।

तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर,दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्र संख्याः२०८० /०८१ राजश्व शाखा
चलानी नं:

४. पेश हुन आएका बोलपत्रहरु ३१ औं दिनको २:०० बजे कार्यालय प्रतिनिधी एवं बोलपत्र दाता वा निजको प्रतिनिधीको रोहबरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न सकिनेछ ।
५. प्रि-विड मिटिङ्ग सुचना प्रकासन भएको मितिले २१ औं दिनको दिउंसो १:०० बजे यस कार्यालयमा हुनेछ ।
६. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन हुनेछ ।
७. बोलपत्र भर्दा अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्ने छ । तर अंक र अक्षर फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिईने छ ।
८. म्याद नाघी आएको र रित नपुगेको बोलपत्र उपर कुनै कारवाही गरिने छैन् ।
९. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ७ दिन भित्र सम्बन्धित ठेक्काको मु.अ.कर (VAT) बाहेक ठेक्का अंकको रकम यस कार्यालयमा र कबोल अंकको १३ प्रतिशतले हुने मु.अ. कर र १.५ प्रतिशतले हुन आउने अग्रीम आयकर रकम आ.रा.का.मा दाखिला भएको प्रमाण पेश भएमा सम्झौता हुनेछ । एकमुष्ट रकम बुझाउन नसकिने अवस्थाको निवेदन प्राप्त भएमा ५०% ले हुन आउने रकम यस कार्यालयको खातामा दाखिला गरी बाँकि ५० प्रतिशत ले हुन आउने रकम बराबरको ३ महिना अवधि भएको र यस कार्यालयको नाममा जारी गरिएको नेपाल सरकारबाट मान्यता प्राप्त क वर्गको बाणिज्य बैंकको बैंक ग्यारेन्टि (परफरमेन्स वण्ड) पेश गर्नु पर्नेछ । उक्त बाँकि ५० प्रतिशत रकम कार्यादेश प्राप्त भएको मितिले १५ दिन भित्र नियमानुसार बुझाई सक्नु पर्नेछ । तोकिएको समय भित्र बाँकि ५०% रकम दाखिला नगरेमा ठेक्का सम्झौता गर्दा पेश गरेको बैंक ग्यारेण्टि (परफरमेन्स वण्ड) बाट किस्ता रकम र १०% ले हुन आउने जरीवाना वापतको हर्जाना रकम असुल उपर गरि अर्को व्यवस्था गरिनेछ ।
१०. उपरोक्त न्युनतम अंकमा मुल्य अभिबृद्धि कर (VAT) समावेश नभएको हुँदा सम्बन्धित ठेकेदारले बिक्रि शुल्क असुल गर्दा तोकिए बमोजिमको मु.अ.क. समेत समावेश गरि फरक भ्याट रसिदबाट असुल उपर गर्नु पर्नेछ ।
११. प्रचलित कानुन अनुसार लाग्ने कर तथा दस्तुर ठेकेदार स्वयंले नै बेहोर्नु पर्नेछ ।
१२. तोकिएको न्युनतम अंकमा बढाबढ गरी सबै भन्दा बढि अंक कबोल गरेको लाई छनौट गरिनेछ । साथै कबोल अंक बराबर भएमा कम शिरोभार प्रतिशत कबोल गर्नेलाई छनौट गरिनेछ । कबोल अंकमा आधारित भै कबोल गरिएको शिरोभार तथा नाफा प्रतिशतको आधारमा अन्तिम बिक्रि मुल्य कायम हुनेछ ।
१३. कार्यादेश लिएको मिति देखि मात्र ठेक्का चलन गर्न पाईनेछ । साथै तोकिएको परिमाण उठाई सकेमा वा कार्यादेश पाएको मितिले ३० दिन भित्र ठेक्का समयावधी समाप्त हुनेछ ।
१४. कुनै पनि बहानामा अस्थायी चलन पुर्जी दिन कार्यालय बाध्य हुने छैन ।
१५. प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस उपमहानगरपालिकामा सुरक्षित रहनेछ ।
१६. वातावरणमा प्रतिकुल प्रभाव पर्ने गरी तथा प्रचलित कानून विपरितका कुनै पनि कार्य गर्न पाईने छैन । साथै सम्बन्धित खोला नदीको स्वीकृत प्रारम्भीक वातावरणीय परिक्षण (IEE) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पालना गर्नु पर्नेछ । (IEE) प्रतिवेदन बारे तथा अन्य विषयमा बुझ्न चाहेमा यस कार्यालयको राजश्व शाखामा सम्पर्क राख्न सकिनेछ ।
१७. घाटगद्दी भएको नदीजन्य पदार्थ लोड गर्ने प्रयोजनका लागि भारी यन्त्र Backhoe Loader प्रयोग गर्न सकिनेछ ।
१८. घाटगद्दीबाट बिक्रि वितरण गर्दाको अवधिमा उत्खनन् कार्य गर्न पाईने छैन ।
१९. नदिजन्य पदार्थ घाटगद्दिबाट ढुवानी कार्य सूर्योदय देखि सूर्यास्तसम्मको समयमा मात्र गर्नु पर्नेछ ।
२०. नदीजन्य पदार्थ बाहेकका मालवस्तु ओसारपसार गरेमा प्रचलित कानून बमोजिम कारबाहि हुनेछ ।
२१. नदीजन्य पदार्थ ढुवानी गर्ने सवारी साधनले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न पाईने छैन । साथै नदीजन्य पदार्थ ढुवानी स्थलबाटै बाक्लो त्रिपालले ढाकेर लैजानु पर्नेछ र सवारीको गति ४० कि.मी. प्रति घण्टा भन्दा बढिमा हाक्न पाईने छैन ।
२२. नदिजन्य पदार्थको ढुवानी गर्ने बाटो मर्मतको व्यवस्था बोलपत्रदाता स्वयंले गर्नुपर्नेछ । सो खर्चको दाबी गर्न पाईने छैन ।

तुलसीपुर उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
तुलसीपुर,दाङ
लुम्बिनी प्रदेश, नेपाल
२०७३

पत्र संख्याः२०८० /०८१ राजश्व शाखा
चलानी नं:

२३. नदिजन्य पदार्थको ढुवानी गर्ने मुल बाटोबाट सवारी साधन प्रवेश हुने मार्गको नियमित मर्मत गर्ने र धुलो उड्न नदिन नियमित पानी छर्कने कार्य ठेकेदारको तर्फबाट गर्नु पर्नेछ ।

२४. घाटगद्दीबाट बिक्रि वा ओसारपसार गर्ने एकमुष्ट आदेश प्राप्त गरेपछि ठेकेदारले उ.म.न.पा.ले तोकेको नमुनाको पटके बिक्रि आदेश बिजक संगै जारी गर्नु पर्नेछ । सो को अभिलेख तोकिएको ढाँचाको खातामा राखी पटके बिक्रि आदेशको एक प्रति र सो को परिमाण खुल्ने तेरिज तयार गरि राजश्व शाखामा साप्ताहिक रुपमा अनिवार्य पेश गर्नु पर्नेछ । छपाई सम्बन्धि कार्य स्वयम ठेकेदारले गर्नु पर्नेछ ।

२५. उल्लेखित शर्तहरु पालना गर्ने गराउने जिम्मेबारी स्वयं ठेकेदारको हुनेछ । कुनै शर्त पालना नगरेको पाइएमा तुलसीपुर उप महानगरपालिकाको निर्णय बमोजिम ठेकेदारबाट जरिवाना असुल गरी ठेक्का समेत तोड्न सकिनेछ ।

२६. ठेकेदार र कार्यालय बीच ठेक्काको शर्त तथा अन्य विषयमा कुनै विवाद भएमा तुलसीपुर उपमहानगरपालिकाको निर्णय अन्तिम हुनेछ । यसमा ठेकेदारको कुनै उजुरी लाग्ने छैन ।

२७. आफुले लिएको ठेक्काको चलान गरी रकम उठाउने जिम्मेवारी ठेकेदार स्वयंकै हुनेछ ।

२८. रसिदहरु आफ्नै तर्फबाट छपाई कार्यालयको छाप र यस कार्यालयमा रसिद नं. दाखिला गरेर यस कार्यालयलाई बुझाउने रकमको हकमा कार्यालयको छाप लागेको र भ्याट प्रयोजनको लागि भ्याट नं. उल्लेख भएको फर्मको आफ्नो छुट्टै रसिद मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

२९. सम्झौतामा उल्लेखित परिमाण भन्दा बढि नदीजन्य पदार्थ विक्री गरेको पाईएमा बढि विक्री गरेको परिमाणको मुल्यांकन गरि मुल्यांकनको दोब्बर रकम जरिवाना गरिनेछ ।

३०. ठेक्काको दररेट र अन्य विस्तृत जानकारीका लागि यस कार्यालयको सूँचना पाटी वा राजश्व व्यवस्थापन शाखामा सम्पर्क राख्न हुन समेत जानकारी गराईन्छ ।

३१. यो सुचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

गेहेन्द्र बहादुर डाँगी
प्रमुख प्रशासकीय अधिकृत